सहकारी ऐन २०७४ अन्तर्गत स्थापित

दर्ता नं ४५१/०६३/०६४
पान नं.: ३०२५९२७९१

# सराङ्‌कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## SARANGKOT MULTIPURPOSE CO-OPERATIVE SOCIETY LIMITED

मिति: २०८०/०८/०४

च.नं. ३४०।०८०।०८१

श्री ........................................ ज्यू,
शेयर सदस्य

विषय :– साधारण सभामा अनिवार्य उपस्थिती सम्वन्धमा ।

यस सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको मिति २०८०।०६।१२ गते सम्पन्न सञ्चालक समितीको निर्णय अनुसार यस संस्थाको १७ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न गर्ने निर्णय भएकोले सम्पूर्ण सदस्यलाई उपस्थितिका लागि अनुरोध गर्दछौ ।

**साधारण सभा हुने मिति , समय र स्थान**

मिति : २०८० मंसिर १६ गते शनिबार
स्थान : माछापुच्छ्रे बैंक्युट, संस्थाको भवन सँगै संगममार्ग
समय : विहान ८:२० बजे देखी ।

**प्रस्तावहरु :**

१. सञ्चालक समितीको तर्फबाट अध्यक्ष द्वारा प्रस्तुत प्रतिवेदन सम्वन्धमा ।
२. सचिव द्वारा प्रस्तुत आ.व.२०७९/०८० को संस्थागत प्रगति प्रतिवेदन तथा ०८०/०८१ को प्रस्तावित कार्यक्रम सम्वन्धमा ।
३. कोषाध्यक्ष द्वारा प्रस्तुत आर्थिक वर्ष ०७९/०८० को आर्थिक प्रतिवेदन तथा प्रस्तावित बजेट सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७९/०८० लेखापरिक्षक प्रतिवेदन सम्वन्धमा ।
५. लेखा समिती संयोजक द्वारा प्रस्तुत आर्थिक वर्ष ०७९/०८० को लेखा समिति प्रतिवेदन सम्वन्धमा ।
६. विभिन्न उपसमितीको वार्षिक प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम सम्वन्धमा ।
७. आ.व. २०८०/०८१ को लागि लेखापरिक्षकको नियुक्ती एवं पारिश्रमिकमा छलफल एवं पारित सम्वन्धमा ।
८. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।
९. विनियम संसोधन सहित पारित सम्वन्धमा ।
१०.संस्थाको नियमालवी तथा कार्यविधी संसोधन सहित पारित सम्वन्धमा ।
११.सञ्चालक सदस्यको रिक्त १(एक) पद चयन राम्वन्धमा
१२. विविध सम्बन्धमा ।

**नोट :**

क. कार्यक्रममा सहभागीलाई यातायात भत्ता साथै खानाको व्यवस्था गरिएको छ । कृपया समयलाई वुझी उपस्थित भईदिनुहोला ।

ख. यहाँ तथा परिवारको कुनै सदस्य कुनै क्षेत्रमा उच्च शिक्षा/दक्षता/योग्यता/निर्वाचित/पदोन्नती हुनुभए सोको विवरण समेत उपलब्ध गराई दिनुहोला । २०७९ को एस.ई.ई समेत ।

ग. संस्थाका शेयर सदस्यहरुको तर्फबाट उल्लेखीत केही प्रस्ताव ,सुझाव भएमा मिती २०८० मंसिर १३ गते सम्म लिखित रुपमा पेश गर्नुहोला ।

कुल प्रसाद सुवेदी
सचिव

"एकताबद्ध सहकार्य र आर्थिक उन्नतीको लागि सहकारी"

साविक सराङ्कोट सञ्चार सहकारी संस्था लि.

प्रधान कार्यालय: न्यूरोड, संगम मार्ग, पोखरा-८, कास्की, फोन नं. ०६१-५७२२४०, Email:sarangkotsahakari@gmail.com

# सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.
## संचालक समितिको तर्फबाट अध्यक्ष कृष्ण बहादुर थापाको प्रतिवेदन

१७ औं वार्षिक साधारण सभाका प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका प्रदेश प्रमुख नरेश पाण्डे ज्यू, पूर्व अध्यक्ष, सल्लाहाकारज्यूहरु संचालक समिति, लेखा समिति, विभिन्न उपसमितिहरु, संयोजक सदस्यहरु, व्यवस्थापकहरु, पूर्वकार्य समिति सहित सम्पूर्ण उपस्थित शेयर सदस्यज्यूहरु, तथा कर्मचारी परिवार,

"एकताबद्ध सहकार्य आर्थिक उन्नतीको लागी सहकारी" भन्ने उद्देश्यका साथ २०६३ मा स्थापित यस सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले समाजमा छरिएर रहेका विविध क्षेत्रका दक्ष योग्य सम्मानित व्यक्तित्वहरुको सहभागितामा संचालित सहकारी सिद्धान्त भावनालाई आत्मसात गर्दै आज १७ औं वार्षिक साधारण सभाको यो अवस्था सम्म आउन सफल भएका छौं।

सामाजिक सेवाहरु शैक्षिक, स्वास्थ्य, वातावरण सरसफाई कार्यमा सधै क्रियाशिल रहदै आएको छ। संस्थाले मानवीय संवेदनशिलताका हरेक कार्यहरुमा सहकार्य गर्दै आएको छ। यस कार्यलाई आम समुदाय सम्म पुऱ्याउन रेडियो सराङ्गकोटको भूमिका आम समुदाय माझ सकारात्मक रहेको छ। स्थापनाको ६ वर्ष रेडियो सराङ्गकोटको मात्र प्रसारण गर्दै सो लाई तत्कालिन शेयर सदस्यहरुले गरेको योगदान र परिणाम नै २०६९ बाट बचत तथा ऋण कार्य गर्न सक्नु आज यो अवस्था संस्थाको आफ्नै १० करोड भन्दा बढीको सम्पत्ति सहित कुल कारोबार २ अर्ब ४७ करोड पुऱ्याउन सक्नु आफैमा ठुलो उपलब्धि रहेको छ। बचत तथा ऋणको शुरुवात गरेदेखि आ.व. २०७८/०७९ सम्म आउदा लगानीको प्रतिफल दिन संस्था सफल भएको अवस्थामा यसवर्ष उठ्नुपर्ने व्याज असुलीमा कमिकाकारण यस वर्षको मुनाफालाई आगामी वर्षमा थप गरी प्रदान गरिनेछ।

संस्थाले सम्पूर्ण रुपमा संचालक समिति, लेखा समिति, उपसमितिहरु सल्लाहकारज्यूहरु, व्यवस्थापक तथा जिम्मेवारीमा रहेका सम्पूर्ण कर्मचारीहरुको साथ सहयोग सहभागितालाई आत्मसाथ गर्दै हरेक विषयलाई संचालक समितिमा छलफल सहित निर्णयको आधारमा सम्पूर्ण कार्य गरिएको छ। सहकारी संस्था सम्पूर्ण रुपमा शेयर सदस्यहरुको साथ सहयोग सहभागिता नै मूख्य कार्य हुन्छ यसकार्यलाई जिम्मेवार पूर्वक परिणाम दिन संचालन समिति कृयाशील रहेको छ। यसमा सम्पूर्ण शेयर सदस्यहरुको साथ, सहयोग सहभागिताको पूर्ण अपेक्षा राख्दछु। यो आर्थिक वर्षको शुरुवात देखि संस्थाले निरन्तर रुपमा बजारको तरलताको ठुलो भार हाम्रो संस्थाले पनि व्यहोर्नु पऱ्यो। देशव्यापी आर्थिक मन्दी बजारमार्केट सहकारी प्रतिको गलत काण्ड आउनु सहकारीका नकारात्मक विषयलाई केही व्यक्तिहरुले प्रचार गर्नु सहकारीको चुनौती रहेको छ। देश परिस्थिति अनुकुल नहुन सक्छ, आर्थिक मन्दी विश्वव्यापी रहेको छ, त्यसमा पनि हाम्रो जस्तो देशमा त झन बढी नै हुने भयो। केही सहकारी संस्थाको व्यवस्थापकीय कमजोरीका कारण बचत फिर्ता दिन नसक्नुको कारण, सहकारी ऐन, नियम अनुसार संचालन भएका हाम्रो जस्ता संस्थाहरुलाई समेत बचत फिर्ता चुनौतीपूर्ण रहेको छ। यस्तो अवस्थामा शेयर सदस्यहरुले संस्थालाई विश्वास गर्ने, बचत गर्ने, सकारात्मक सल्लाह सुझाव दिन, ऋण असुलीमा सहयोग गर्ने, हौसला दिने कार्य गर्न सक्नुपर्छ।

सहकारीले बचत तथा ऋणको शुरुवात देखि नै वार्षिक मुनाफा दिँदै आजको अवस्था सम्म आफ्नै भवनबाट सहकारी संचालन हुनु हामी सबैको लागी गौरभको विषय हो। यसलाई बचाई भावी सन्ततीलाई हस्तान्तरण गर्नु

नै हाम्रो मूख्य उद्देश्य रहेको छ। यसमा पुन सम्पूर्ण शेयर सदस्यहरुको साथ सहयोगको अपेक्षा राख्दछु।

यो वर्ष मुनाफा पाईएन भनेर आत्तिनुपर्ने अवस्था नरहेको प्रष्ट पार्न चाहान्छु। यस्तो विषम परिस्थितिमा पनि २ अर्ब ४७ करोडको कारोबार गर्न सक्नु २ अर्ब ५२ करोड बचत फिर्ता दिन सक्नु लगानी तर्फ ५३ करोड ६२ लाख रही यस वर्ष व्याज भुक्तानी बढी हुनु, कर्जाको व्याज नियमित नहुनु, बचत फिर्ता बढी हुनु, बचत घट्नु नै संस्थाको लागी मूख्य चुनौती रहेको छ। यसै कारण आ.व.०७९/०८० को लागी कर्जा व्याज उठ्न बाँकी मा ३ करोड ४३ लाख देखिएको छ, यसलाई उठाउन व्यवस्थापक, कर्जा असुली समिति सहित कार्य समितिको निरन्तर सकृयता बढाईएको छ। हाम्रो सम्पूर्ण कर्जा सुरक्षित रहेको छ, धितो मूल्याङ्कन कर्जा समिति, संचालक समिति कर्जा निर्णय बेगर कुनै कर्जा लगानी भएका छैन। सो मा जिम्मेवारी पूर्ण लागिएको छ। बजारको हल्ला, व्यापार नहुनु कारणले ऋणी सदस्यहरुले व्याज नियमित गर्न सकेका छैनन्। कर्जामा व्याज मात्र लिने व्यवस्थालाई सावाँ, व्याज १५ वर्ष सम्म किस्ता सुविधा दिई कर्जा लाई नियमित गर्ने कार्य सुरुवात गरिएको छ। संस्थालाई शुरुवात देखि मार्ग दर्शकको रुपमा राष्ट्रिय सहकारी बैंक बाट भएको सहयोगप्रति आभार व्यक्त गर्दछु, आवश्यक अवस्थामा कर्जा सापटी सहित सहकारी ऐन नियम सम्बन्धी जानकारी दिने, व्यवस्थापन, कर्मचारीलाई विविध विषयमा तालिमको व्यवस्थाले संस्थालाई महत्वपूर्ण सहयोग पुगेको छ। सहकारी सिद्धान्त अनुरुप बचत तथा ऋण सँगै सामाजिक उत्तरदायित्वका शिक्षा, स्वास्थ्य, शैक्षिक गतिविधिहरुमा सकृय रहदै आएको छ। त्यसैको परिणाम संस्था नेपाल सरकार सहकारी डिभिजन राष्ट्रिय सहकारी बैंक, नेपाल रेडक्रस सोसाईटी, रक्तसंचार केन्द्र, शैक्षिक, सामाजिक सँगै संस्थाहरुबाट सम्मानित भएको छ।

सहकारीको दैनिक सेवा तथा सम्पूर्ण कारोबार पूर्ण रुपमा स्तरीय प्रवृत्ति सिस्टम बाट हुने गरेको छ, संस्थाको सुरक्षाको लागी दैनिक सुरक्षा गर्न सि.सि.क्यामरा जडान, अनुगमन, आर्थिक सुरक्षाको लागी शेयर सदस्य सम्पूर्णको स्वास्थ्य बिमा, कार्यालय भल्ट काउन्टरको बिमा गरिएको छ। सदस्य सेवाका लागी रेमिट्यान्स सेवा सहित पूर्ण मोबाइल बैंकिङ्ग मार्फत सेवा दिँदै आएको छ।

संस्थाले शुरुवात देखिको अनुभव क्षमता, दक्षता प्रतिको प्रतिवद्धताकै स्वरुप संस्थालाई आवश्यक तरलता व्यवस्थापनमा कोषाध्यक्ष श्री राममणि पौडेल र व्यवस्थापक श्री सुरेन्द्र थापाको भूमिका महत्वपूर्ण रहेको छ, साथै संचालक समितिका पदाधिकारी सदस्यहरु सहित सम्पूर्ण कर्मचारीहरुको भूमिका प्रति धन्यवाद व्यक्त गर्दछु। सँगै संस्थाका शेयर सदस्यहरु मध्ये उत्कृष्ट कार्य गर्ने केही जो आज सम्मानित हुँदै हुनुहुन्छ, जसको साथ सहयोगको परिणाम सराङ्कोट स्थापित संस्थाको रुपमा कायम गराउन सकिएको छ।

अहिलेको चुनौती राष्ट्रिय अर्थ परिवेशका कारण आम समुदायमा परेको नकारात्मक प्रभावलाई सामना गर्दै संस्थालाई सवल बनाउन सबै शेयर सदस्यहरुको सकारात्मक भूमिकाको पूर्ण अपेक्षा सहित बचतलाई बढाइदिनुहुन अनुरोध गर्दछु। संस्था संचालनमा आवश्यक विनियम नियमावली, निर्देशिकाको पूर्ण पालना गर्दै प्रतिवेदनमा प्रस्तुत संस्थागत, आर्थिक, लेखा, लेखापरिक्षणमा आएका प्राप्त हुने रचनात्मक सुझावहरुलाई पूर्ण कार्यान्वयन गर्दै, संस्थालाई बलियो, विश्वासिलो, परिणाम दिन सक्ने बनाउने प्रतिवद्धता व्यक्त गर्दछु।

धन्यवाद !

जय सहकारी

# सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि. को
## आर्थिक वर्ष २०७९/०८० को वार्षिक
## संस्थागत प्रतिवेदन एवं आ.व. ०८०/०८१ को प्रस्तावित कार्यक्रम

**कुल प्रसाद सुवेदी**
सचिव

यस १७ औं वार्षिक साधारण सभाका सभापति तथा संस्थाका अध्यक्ष कृष्ण बहादुर थापा ज्यू, प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंक, प्रदेश कार्यालय गण्डकीका प्रमुख नरेश पाण्डे ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, सल्लाहकार, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्य, विभिन्न उपसमितिका संयोजक तथा सदस्य, रेडियोका निर्देशक, सहकारी तथा रेडियो तर्फका व्यवस्थापक लगाएत संस्थाका सम्पूर्ण कर्मचारीहरु, संस्थाका मेरुदण्डका रुपमा रहनुभएका सम्पूर्ण सदस्यज्यूहरुमा यस सराङ्गकोट बहुउद्देश्यीय सहकारीको १७ औं वार्षिक साधारण सभाको अवसरमा हर्दिक शुभकामना तथा नमस्कार व्यक्त गर्दछु।

समुदायको विकास तथा उन्नतीको लागि समुदायनै लाग्नुपर्छ भन्ने मुख्य उदेश्यका साथ २०६३ साल वैशाख १२ गतेको पहिलो प्रारम्भीक भेलाले सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था नामाकरण गरी संस्थालाई आधिकारीकता प्रदान गर्ने प्रकृया अगाडि बढाइएको हो। रेडियो संञ्चालनबाट मात्र सहकारीलाई आर्थिक रुपमा दरिलो र दिगो बनाउन नसकिने देखिएकाले २०६८ साल मंसिर २८ गते देखि बचत तथा ऋण कारोबार सुरु गरी विभिन्न आरोह र अवरोहहरु पार गर्दै संस्था आजको अवस्था सम्म आई पुगेको छ।

आदरणीय शेयर सदस्य ज्यूहरु, आर्थिक वर्ष २०७९/८० मा पनि हामी विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना लकडाउनको प्रभावको असर, रसीया-युक्रेनको युद्धको प्रभाव र देशमा रहेको अस्थिरताका कारण आर्थिक मन्दी र तरलताको संकट सँगसँगै अगाडि बढ्न बाध्य भएका छौं। यो हाम्रो मात्र समस्या नभईकन समग्र राष्ट्रको वित्तिय संस्थाले भोगेको समस्या हो। यी साझा समस्या सम्बोधनमा हामी सम्पूर्ण शेयर सदस्यहरुले आ–आफ्नो ठाँउबाट सक्दो योगदान गर्नुपर्ने देखिन्छ। यसमा हामीले मासिक रुपमा गर्नु पर्ने बचतलाई नियमित गरि आफ्ना आर्थिक गतिबिधिलाई सहकारी मार्फत गर्न यहाँहरुलाई अनुरोध गरिन्छ।

आर्थिक वर्ष २०७९/८० मा संस्थाले हासिल गरेको उपलब्धीलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु।

१. **यस वर्षको मुख्य वित्तिय अवस्था :**

| शिर्षक | गत वर्षको | यस वर्षको |
|---|---|---|
| शेयर पूँजी | ५,४७,५४,१००/– | ७,१५,३२,४०० |
| बचत/निक्षेप | ५०,७७,४७,८९७/३४ | ४५,७४,७२,३६८.१८ |
| ऋण लगानी | ५५,९४,८८,७१०/३० | ५३,६२,९९,७२१ |
| जगेडा कोष | ६९,२६,२२९/१७ | ६९,३०,६१९.५० |
| सञ्चालन बचत | ६,७९,७४,१७८/७८ | ३,७८,५०,४८७.७० |
| वासताल | ६७,४०,८८,६९०/७३ | ६२,२३,१९,६२२.५ |

## २. सदस्यता विस्तार :

| | गत वर्षको | यस वर्षको |
|---|---|---|
| महिला | ३५६ | २०७ |
| पुरुष | २०५ | ४२० |
| जम्मा | ५६१ | ६२७ |

## ३. प्रविधिमैत्री सेवा विस्तार :

प्रविधिको विकास संगै यस सहकारीले पनि आफ्ना आर्थिक कारोबारलाई सहज र शेयर सदस्यमैत्री बनाउनको लागी अनलाईन सफ्टवेयरको व्यवस्था गरिएको छ। जसमा मोबाईल बैंकिङ्ग, फण्ड ट्रान्सफर, क्यू आर कोड, एस.एम.एस. बैकिङ्ग सुविधा रहेको छ। यी सम्पूर्ण सुविधाको उपभोग गर्न सम्पूर्ण शेयर सदस्यहरुलाई अनुरोध गरिन्छ। त्यसै गरी संस्थाका सूचनाहरु संस्थाको फेसबुकमा पनि राखिने हुनाले संस्थाको फेसबुक सँग नजोडिनु भएका शेयर सदस्य ज्यूहरुलाई त्यसमा जोडिइ आवश्यक सूचना दिन पनि अनुरोध छ। संस्थाले Connect IPS प्रकृया मा रहेकाले यो सेवा लिन पनि शेयर सदस्यहरुलाई अनुरोध गरीन्छ। यो सेवा सुरु भएपछि एक दिनमा रु. बीस लाखसम्मको रकम आफ्नो बैंक खाताबाट सहकारीको खातामा पठाउन सकिन्छ। संस्थाको आफ्नै Apps पनि रहेकाले Play Store बाट उक्त Apps Download गरी त्यसको सहायताले आफ्ना सहकारीमा भएका कारोबारको विवरण लिन पनी अनुरोध गरिन्छ।

## ४. सम्मान तथा पुरस्कार :

संस्थाको पन्ध्रौं वार्षिक साधारण सभाको अवसरमा सहकारीले माध्यामिक शिक्षा परिक्षा (एस.इ.इ), उत्तीर्ण शेयर सदस्यका छोराछोरी, उत्कृष्ट कारोबारी लगायत निम्नानुसारका कर्मचारीलाई सम्मान गरिएको थियो।

१. शेयर सदस्य ध्रुव कुमार सुन्चौरी उत्कृष्ट कारोवार
२. शेयर सदस्य वकिलमान तुलाधर उदास उत्कृष्ट कारोवार
३. शेयर सदस्य रमेश कुमार श्रेष्ठ उत्कृष्ट कारोवार
४. शेयर सदस्य शिवजी बास्तोला उत्कृष्ट कारोवार
५. शेयर सदस्य कमल प्रसाद पौडेल उत्कृष्ट कारोवार
६. सदस्य केशव प्रसाद मैनाली
७. सदस्य मन कुमारी गौतम चुवाई
८. उत्कृष्ट कर्मचारी प्रेम नारायण सिग्देल
९. उत्कृष्ट सेवा तथा सहयोग पूर्व कोषाध्यक्ष दुर्गा बहादुर सुनार

यसै आ.व.मा संस्थाका अध्यक्ष कृष्ण बहादुर थापा पोखराकै पुरानो श्रीजना विकास केन्द्रको अध्यक्ष र जनप्रिय बहुमुखि क्याम्पसका संचालक पदमा संस्थाका निवर्तमान अध्यक्ष सल्लाहकार प्रेम बहादुर जि.सी.

विद्युत व्यवसायी महासंघको केन्द्रिय उपाध्यक्षमा संस्थाका सल्लाहकार कमल नयन गौतम सिद्ध पब्लिक कलेज, पोखरा-१५ को अध्यक्ष पदमा संस्थाका शेयर सदस्य तथा रेडियोका निर्देशक चिन्तामणी बास्तोला मुद्रक संघको केन्द्रिय सदस्य पदमा निर्वाचित हुनुभएको थियो। संस्थाका संचालक तथा ऋण उपसमिति संयोजक रमेश कुमार थापा इ-क्यान कास्कीको अध्यक्ष पदमा संस्थाका कार्यसमिति सदस्य तारादेवी थापा भजन चुड्का महासंघको केन्द्रिय सदस्य साथै संस्थाका शेयर सदस्य पवन कुमार प्रजापति पोखरा उद्योग वाणिज्य संघको अध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो। जुन संस्थाको लागि ठुलो उपब्धि र गौरवको विषय हो। संस्थाका अध्यक्ष कृष्ण बहाादुर थापालाई राष्ट्रिय लोकदोहोरी गित प्रतिष्ठान गण्डकी प्रदेश, गण्डकी अटोमेकानिक्स एसोसिएसन र लायन्स क्लब अफ सम्वृद्धिले नेपालकै उच्च रक्तदान अभियान्ताका रुपमा सम्मानित हुनुभएको थियो। यस कार्यले संस्थाको गरीमा बढाएको छ, यसमा अन्य शेयर सदस्यहरुको जानकारी प्राप्त भएमा उल्लेख गरिनेछ।

## ५. संस्थागत सहभागिता :

राष्ट्रिय सहकारी बैंकको साधारण सभा, सहकारी मन्त्रालय, सहकारी रजिष्ट्रार कार्यालय, पोखरा महानगरपालिका, जिल्ला सहकारी संघ, अन्य सहकारी संघ संस्थाहरु तथा विभिन्न प्रशिक्षण कार्यक्रमहरुमा संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारी, व्यवस्थापक सहित कर्मचारीहरुको सहभागिता रहेको थियो। संस्थागत रुपमा प्राप्त हुने निमन्त्रणाहरुलाई संस्थागत रुपमा सहभागिताले संस्थाको गरीमा बढाएको छ।

## ६. राहत तथा सामाजिक उत्तरदायित्व :

संस्थाको स्थापनाको अवसरमा २०७९ साल मंसिर महिनामा लायन्स क्लब अफ पोखरा दर्पण र स्टार डायनोष्टिक सेन्टरसँगको समन्वयमा स्वास्थ्य सचेतना तथा बृहत रक्तदान तथा होल बडि रगत परिक्षण कार्यक्रम सम्पन्न गरियो जसमा ३२ युनिट रगत संकलन गरिएको थियो सोही कार्यक्रममा गरिएको निःशुल्क स्वास्थ्य परिक्षणमा ८७ जनाले रगत परिक्षण गर्नु भएको थियो। संस्थाको वार्षिक उत्सवको अवसरमा पोखरा-२०, भलाममा रहेको जनचेतना आधारभूत विद्यालय, पोखरा-१८, पदेलीमा रहेको जनजागृती माध्यमिक विद्यालय र पोखरा-१७, पार्दीमा रहेको पार्दी माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा तथा स्टेसनरी सामान वितरण गरिएको थियो। जसबाट ९२ जना विद्यार्थी लाभान्वित भएका थिए। वार्षिक उत्सवकै अवसरमा पोखरा-२९, गगनगौंडामा रहेको ज्येष्ठ नागरिक केन्द्रलाई फ्रिज लगायतका जिन्सी सामाग्री हस्तान्तरण गरिएको थियो। संस्थापक अध्यक्ष स्व. लोक बहादुर थापाको स्मृतीमा राखीएको कोषबाट छात्रा रितिका परियारलाई छात्रवृत्ति प्रदान गरिएको थियो।

## ७. नितिगत सुधार :

यस संस्थाले सहकारी ऐन २०७४ तथा नियमावली २०७५ र गण्डकी प्रदेश सहकारी ऐन २०७५ अनुरुप आफ्नो विनियम संसोधन, पूनर्लेखन गरिएको छ। त्यसैगरि सहकारीलाई आवश्यक पर्ने कर्जा परिचालन तथा अनुगमन निति (२०७६), बचत निति (२०७६), आर्थिक प्रशासन नियमावली (२०७६), जोखिम

व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन नीति (२०७६), कर्मचारी नियमावली (२०७६) र निर्वाचन निर्देशिका (२०७६) आवश्यकता अनुसार तयार तथा संसोधन गरी कार्यन्वन गर्दै आईरहेको छ। यस वर्ष पनि संस्थाको विनियम, कर्जा नीति र बचत नीति संशोधनको प्रकृयामा रहेको छ।

**८. तालिम तथा कार्यक्रम :**

संस्थाले कर्मचारीको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय सहकारी बैंकसँगको समन्वयमा १ दिने तालिमको आयोजना गरिएको थियो। उक्त तालिमबाट कर्मचारीले सहकारीमा नेतृत्व विकास, ऋण, नगद र व्यवस्थापन सम्बन्धी विषयमा ज्ञान तथा सिप आर्जन गरेका थिय। त्यसै गरी जिल्ला सहकारी संघ, कास्कीको आयोजनामा भएको बाग्लुङ र पर्वतमा रहेका सहकारीहरुको अध्ययन अवलोकन भ्रमणमा संस्थाका क्यासियर ईश्वरी श्रेष्ठको सहभागीता रहेको थियो। म्यानेजर्स क्लबले विभिन्न समयमा आयोजना गरिएका तालिम तथा गोष्ठिमा संस्थाका व्यवस्थापक सुरेन्द्र थापा, क्यासियर ईश्वरी श्रेष्ठ र सविता थापाले सहभागीता जनाएका थिए। सहकारी दिवसको अवसरमा संस्थाद्वारा टोल सरसफाई कार्यक्रमको आयोजना गरियो भने सहकारी संघद्वारा आयोजित औपचारीक कार्यक्रममा पनी संस्थागत रुपमा सहभागिता जनाइयो।

**९. संस्थागत बैठक, निर्णय प्रकृया :**

संस्था संचालन प्रकृयाका लागि संचालक समितिको ११ औं पटक, सम्पूर्ण समिति सल्लाहकार सहित सम्पूर्ण समिक्षा बैठक २ पटक, लेखा समिति बैठक ४ पटक, ऋण समिति ६ पटक, कर्जा असुली ६ पटक, अन्य उपसमितिहरुका विविध बैठक ५ पटक, कर्मचारीसँग संयुक्त बैठक ६ पटक बसि संस्थागत गतिविधि, निर्णय लिने, कार्यान्वयन गर्ने कार्य गरिएको छ।

**१०. बहुउद्देश्यीय कार्ययोजना लघुवित्त संचालन :**

संस्थाको कार्ययोजना अनुरुप संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको संयोजकत्वमा लघुवित्त संचालन उपसमिति पनी गठन गरीएको छ। उक्त समितिले पनी आवश्यक अध्ययन गरिरहेको छ। सो का लागि दश करोडको माग सहित आर.एम.डि.सी. सीत समन्वय भईरहेको छ। आर्थिक मन्दीको प्रभाव कम भएसँगै लघुवित्त कार्यक्रम पनि संचालन गरीनेछ।

**११. रेडियो तर्फको गतिविधि :**

यस संस्थाले स्थापनाकालदेखी संचालन गर्दै आइरहेको सामुदायीक रेडियो सराङ्कोटले समुदायमुखी कार्यक्रमहरु प्रशारण गर्दै आईरहेको छ। यस रेडियोद्वारा प्रशारण हुने विहानी खवर, शैक्षिक सरोकार, राष्ट्रिय कलाकारद्वारा संचालित हास्यव्यगं कार्यक्रमले समाजमा सकारात्मक प्रभाव ल्याउन सफल भएको छ। यस वर्ष कास्की जिल्लामा रहेका मिडियाहरुको सहभागी रहने गरि मिडिया कप फुटसल प्रतियोगिता आयोजना गरिएको थियो।

## १२. आर्थिक वर्ष २०८०/०८१ का लागि वार्षिक कार्ययोजना :

देशमा भएको आर्थिक मन्दी र त्यसको प्रभावको असर अझै बाँकी रहेकाले गत वर्ष झैं यस वर्ष पनि मुख्य लक्ष्य निक्षेप संकलन बढाउने, कर्जा असुलीलाई निरन्तरता दिने र स्थायित्व दिने नै रहेको छ। यस वर्ष संस्थालाई बढि आर्थिक भार पार्ने कुनै पनि नयाँ कार्यक्रम नगरिने भएता पनि विगत वर्षमा संस्थाले गर्दै आइरहेका कार्यहरुलाई भने निरन्तरता दिइने छ। संस्थाको वार्षिक उत्सव मनाइने छ, निक्षेप वृद्धि गर्ने विभिन्न योजनाहरु अगाडि बढाइने छ, लगानीलाई थप व्यवसायी र उत्पादनमूखी बनाइने छ। सहकारी, आर्थिक तथा मौद्रिक नीतिको जानकारी गराउनको लागि तालिम तथा प्रशिक्षण गरिने छ भने यस वर्ष पनि कार्यसम्पादन मुल्याङ्कन तथा कारोबारको मुल्याङ्कन गरि सम्मान कार्यक्रम गरिनेछ।
यस वर्षबाट व्याज मात्र लिने गरि गरिएका लगानीहरुलाई किस्ताका आधारमा असुली गर्ने व्यवस्था गरिने छ।

आदरणीय शेयर सदस्य ज्यूहरु, समग्रतामा हाम्रो लागि यो वर्ष उपलब्धीमूलक रहन सकेन। हामीले यस वर्षमा शेयर पूँजीमा मात्र वृद्धि गर्न सकेता पनि ऋण लगानी, जगेडा कोष लगायत अन्य आर्थिक सुचकहरुमा वृद्धि गर्न सकिएन। राष्ट्रका आर्थिक परिसुचक तथा आर्थिक गतिविधि हेर्दा यो वर्ष पनि हामीहरुको लागि त्यति सहज हुने अवस्था देखिएको छैन। यस्तो अवस्थामा संस्थालाई अगाडी बढाउनका लागि हामी सम्पूर्ण शेयर सदस्यहरुले थप आर्थिक सहभागिता गर्नुपर्ने देखिन्छ। यसका लागि म पुन शेयर सदस्य ज्यूहरुलाई मासिक बचत र अन्य बचत र आफ्ना आर्थिक गतिविधिलाई आफ्नै संस्था मार्फत गर्नुहुन अनुरोध गर्दछु। यस वर्षमा पनि आर्थिक वर्षको अन्त्यमा ऋण लगानीको किस्ता तथा व्याज असुलीको लागि ऋण असुली उपसमिति र कर्मचारीहरुको महत्वपूर्ण योगदान रहेकोले उहाँहरु प्रति पनि आभार व्यक्त गर्दछु।

आदरणीय शेयर सदस्य ज्यूहरु कुनै पनि संस्थाको समग्र मुल्याङ्कन त्यसले प्रदान गर्ने नाफामा मात्र निहित हुँदैन, संस्थाले समयमा पुऱ्याएको योगदान, संस्थाको चल-अचल सम्पत्ती, संस्थाले आर्जज गरेको ख्याती लगायत अन्य आधारहरुले संस्थाको मुल्याङ्कन हुने हुँदा हामीले संस्थालाई बृहत दृष्टिकोणबाट हेर्नु आवश्यक छ। संस्थाको हितको लागि सम्पूर्ण शेयर सदस्यहरु संस्थाप्रति रचनात्मक र सकारात्मक हुनुपर्ने देखीन्छ।

यस वर्ष संस्थाले केहि अभिवावकलाई गुमाउनुपऱ्यो। संस्थाका पूर्व उपाध्यक्ष अर्जुन बहादुर बस्नेतकी ममतामयी माता लेख कुमारी बस्नेत, शेयर सदस्य तथा लेखनाथ मालपोत प्रतिनिधि डिल्लीरमण पौडेलकी ममतामयी माता भागिरथी पौडेल र शेयर सदस्य तथा कर्मचारी गिता देवी तामाङ्गकी सासुआमा सोमाली डोल्मा मोक्तानको स्र्वगारोहण भएकोमा संस्थाद्वारा समवेदना प्रकट गरीयो।

अन्त्यमा संस्थालाई आज यस अवस्थासम्म ल्याई पुऱ्याउनको लागि महत्वपूर्ण योगदान गर्नुहुने संस्थाका परिकल्पनाकार पूर्व अध्यक्ष पदाधिकारी तथा सदस्यहरु व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारीहरु शेयर सदस्य र संस्थाका शुभचिन्तकहरु प्रति आभार व्यक्त गर्दै संस्थाका आगामी दिनहरुमा पनि यस्तै सकरात्मक र रचनात्मक सहयोगको निरन्तरताको लागि अनुरोध गर्दै सम्पूर्णमा पुन आभार व्यक्त गर्दछु। संस्थाको उन्नति

तथा प्रगति यहाँहरुले संस्थामा गर्ने नियमित कारोबार यहाँहरुले प्रदान गर्ने महत्वपूर्ण सुझाव तथा सल्लाह र संस्था प्रतिको चिन्तन मननमा भर पर्ने हुनाले सोहि अनुरुप गर्नु हुन पनि विनम्र अनुरोध गर्दछु। संस्थाको प्रगति तथा उन्नतिको लागि यहाँहरु बाट थप साथ र सहयोगको अपेक्षा सहित सिर्जनात्मक तथा रचनात्मक सुझाव दिइ यो प्रतिवेदन पारित गरिदिनु हुन पनि अनुरोध गर्दछु।

धन्यवाद !

जय सहकारी !!

जय सराङ्गकोट सहकारी !!!

# सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि. को
## आ.व. २०७९/२०८० को आर्थिक प्रतिवेदन सहित आ.व २०८०/२०८१ को प्रस्तावित आर्थिक प्रतिवेदन एवं वार्षिक लेखा परिक्षण प्रतिवेदन

**राममणी पौडेल**
कोषाध्यक्ष

यस सहकारीको १७ औ वार्षिक साधारण सभाका अध्यक्ष कृष्ण बहादुर थापा ज्यू, प्रमुख अतिथि ज्यू, संचालक समिती, सल्हाकार ज्यू, लेखा समिति संयोजक ज्यू, विभिन्न उपसमिती संयोजक ज्यू, तथा सदस्य ज्यू, अन्य अतिथि ज्यू, पत्रकार मित्र एवं सम्पूर्ण कर्मचारी साथिहरु तथा उपस्थित शेयर सदस्य ज्यूहरु,

संस्थाले लिएको आर्थिक उद्देश्यका कार्यहरु गर्दै संस्थाले हाल यस वर्ष शेयर पुँजी रु.७,१५,३२,४००।- (सात करोड पन्ध्र लाख बत्तिस हजार चार सय) बचत तर्फ अघिल्लो वर्षको बचत रु. ५०,७७,४७,८९७।- (पचास करोड, सतहत्तर लाख, सड्चालिस हजार आठ सय सन्तानब्बे) यस वर्ष बचत संकलन रु. २,४७,०७,३५,४९१.१८।-(दुई अर्व सड्चालिस करोड सात लाख पैतिस हजार चार सय एकानब्बे) यस वर्ष बचत फिर्ता रु. २,५२,१०,११,०२०.१०।-( दुई अर्व बाउन्न करोड दश लाख एघार हजार बीस) यस वर्ष फिर्ता बाँकी रु. ४५,७४,७२,३६८.१८।- (पैंतालिस करोड, चौहत्तर लाख, बहत्तर हजार तिन सय अठसठ्ठी) र लगानी तर्फ अघिल्लो वर्षको रु. ५५,९४,८८,७१०।- (पचपन्न करोड चौरानब्बे लाख, अठासी हजार सात सय दश) यस वर्षको कर्जा रु. २,३१,८८,९८९.१९ ।- (दुई करोड, एकतिस लाख अठासी हजार नौ सय उनाननब्बे) असुली गरी यस वर्ष कर्जा लगानीमा रु. ५३,६२,९९,७२१.१४।- (त्रिपन्न करोड बैसठ्ठी लाख, उनान्सय हजार सात सय एक्काइस) मात्र रहेको छ।

यस आ.व. ०७९।०८० मा कर्जाको जोखिम कोषमा व्यवस्थामा रु. ३४९४५०१२.२४ (तिन करोड उनान्पचास लाख पैतालिस हजार बाह्र) भएको हुँदा संस्थामा कुल नोक्सान रु. ३,८८,४१,५६४ (तीन करोड अठासी एकचालीस हजार पाँच सय चौंसठ्ठी) ।

हाल बजारमा आर्थिक मन्दी तरलता अभावलाई ध्यान दिई सदस्यहरुबाट भएको कारोबारमा कमी आएको छ। वर्तमान परिस्थिति अनुकुल संस्थाको तरलता व्यवस्थापनको चुनौतीलाई सामना गर्दै संस्था निरन्तर अगाडि बढिरहेको छ। संस्थाको बचत, कर्जा व्यवस्थापन पक्ष सबल सकारात्मक रहेको छ। असुली प्रकृयामा रहेको कर्जा व्यवस्थापन व्याज असुली प्रकृया अनुकुल गराउन सकृयता बढाईएको छ। यस कर्जामा सहयोग गर्ने सम्पूर्णमा धन्यवाद सहित संस्था हाम्रो हो, हामी सबैले गर्नुपर्छ, विश्वास गर्नुपर्छ, व्यक्तिगत कुरा ल्याउनुहुन्न भन्ने भावना ल्याई सम्पूर्ण शेयर सदस्यहरुबाट रचनातमक, सकारात्मक सहयोगको पूर्ण अपेक्षा राख्दछु। यसमा सबैबाट सहयोग अपेक्षा सहित संस्थाद्धारा नियुक्त गरिएको संजय कार्की एण्ड एसोसिएट्स चार्टड एकाउन्टेन्ट्स बाट तयार भई २०७९ भाद्र ९ गतेको समितिबाट अनुमोदन भएको सम्पूर्ण वार्षिक आर्थिक लेखापरिक्षण प्रतिवेदन तथा प्रस्तावित आर्थिक प्रतिवेदन सुझाव सहित पारित गरिदिनहुन सम्मानित साधारण सभा समक्ष पेश गर्दछु।

धन्यवाद ! जय सराङ्गकोट सहकारी

# सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

## पोखरा–९, संगममार्ग

## अनुमानित बजेट २०८०/२०८१

| क्र.सं. | पुंजी तथा दायित्व | अनुमानित २०८०/२०८१ |
|---|---|---|
| १ | पुंजी | ८,००,००,००० (आठ करोड) |
| २ | जगेडा कोष | ८६,५९,०९८.९८८ (छयासी लाख उन्साठी हजार अन्ठानब्बे रुपैया नौ सय अठासी पैसा) |
| ३ | अन्य कोष | ७५,७५,४४०.०४ (पचहत्तर लाख पचहत्तर हजार चार सय चालिस रुपैंया चार पैसा) |
| ४ | कर्जा सापटी | ७,००,००,०००(सात करोड) |
| ५ | निक्षेप दायित्व | ४८,००,००,००० (अड्चालिस करोड) |
| ६ | चालु दायित्व | ५२,००,००० (बाउन्न लाख) |
| ७ | व्यवस्थाहरु | १,३०,००,००० (एक करोड तिस लाख) |
| ८ | व्याज मुल्तवी | ४५,००,००० (पैंचालिस लाख) |
| ९ | नाफा नोक्सान | १,०४,०४,५९५.७५ (एक करोड चार लाख चार हजार पाँच सय पन्चानब्बे रुपैंया पचहत्तर पैसा) |
| **जम्मा** | | ६७,९३,३९,१३४.७७ (**सतसठ्ठी करोड त्रियानब्बे लाख उन्चालिस हजार एक सय चौंतिस रुपैया सतहत्तर पैसा**) |

| क्र.सं. | सम्पत्ति विवरण | अनुमानित २०८०/२०८१ |
|---|---|---|
| १ | नगद मौज्दात | १४,००,०००.०० (चौध लाख) |
| २ | बैक मौज्दात | १,००,००,०००.०० (एक करोड) |
| ३ | लगानी शेयर | ५७,०६,००० (सन्ताउन्न लाख छ हजार) |
| ४ | कर्जा सापटी हिसाब | ६१,६३,४५,१३४.७७ (एकसठ्ठी करोड त्रिसठ्ठी लाख पैंचालिस हजार एक सय चौंतिस रुपैंया सतहत्तर रुपैंया) |
| ५ | स्थिर सम्पत्ति | ३,८८,००,०००.०० (तीन करोड अठासी लाख) |
| ५ | व्याज उठ्न बाँकि | ४५,००,०००.०० ( पैंचालिस लाख) |
| ७ | चालु हिसाब | २५,८८,०००.०० (पच्चिस लाख अठासी हजार) |
| **जम्मा** | | ६७,९३,३९,१३४.७७ (**सतसठ्ठी करोड त्रियानब्बे लाख उनन्चालिस हजार एक सय चौंतिस रुपैया सतहत्तर पैसा**) |

# सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

## पोखरा–९, संगममार्ग

## अनुमानित विवरण २०८०/२०८१

| क्र.सं. | आम्दानी | अनुमानित २०८०/२०८१ |
|---|---|---|
| | **व्याज आम्दानी** | ८,६६,१०,३२३.९९ (**आठ करोड छैसठ्ठी लाख दश हजार तीन सय तेईस रुपैया उनान्सय पैसा**) |
| १ | व्याज विपन्न वर्ग कर्जा | ६,५२,२८८.४४ (छ लाख बाउन्न हजार दुई सय अठासी रुपैंया चौवालिस पैसा) |
| २ | व्याज सवारी साधन कर्जा | ३९,८१,८२९.६८ (उनन्चालीस लाख एकासी हजार आठ सय उन्तीस रुपैंया अठसठ्ठी पैसा) |
| ३ | व्याज मुद्दति रसिद कर्जा | १९,२०,२४३.३३ (उन्नाईस लाख बीस हजार दुई सय त्रिचालिस रुपैंया तेत्तीस पैसा) |
| ४ | व्याज व्यासायिक | ९५,५१,००९.४३ (पन्चानब्बे लाख एकाउन्न हजार नौ रुपैंया त्रिचालिस पैसा) |
| ५ | भवन निर्माण तथा जग्गा विकास कर्जा आम्दानी | ४,६५,०६,३४६.९१(चार करोड पैसठ्ठी लाख छ हजार तीन सय छेयालीस रुपैंया एकानब्बे पैसा) |
| ६ | व्याज व्यक्तिगत कर्जा | २,३९,९८,६०६.२० (दुई करोड उन्चालीस लाख अन्ठानब्बे हजार छ सय छ रुपैंया बीस पैसा) |
| | **अन्य आम्दानी** | १,२७,३८,१८२.६४ (**एक करोड सत्ताईस लाख अड्तीस हजार एक सय बयासी रुपैंया चौंसठ्ठी पैसा**) |
| ७ | बैंक व्याज | २२,९०,६०७.८६ (बाईस लाख नब्बे हजार छ सय सात रुपैंया छेयासी पैसा) |
| ८ | निवेदन शुल्क | १९,६६५.०० (उन्नाईस हजार छ सय पैसठ्ठी) |
| ९ | खाता बन्दी | ६,९१,५५७.१६ (छ लाख एकानब्बे हजार पाँच सय सन्ताउन्न रुपैंया सोह्र पैसा) |
| १० | विविध आम्दानी | ७४,९७२.१८ (चौरहत्तर हजार नौ सय बहत्तर रुपैंया अठार पैसा) |
| ११ | संरक्षित पुंजी फिर्ता आम्दानी | २,७२,४०५.२३ ( दुई लाख बहत्तर हजार चार सय पाँच रुपैंया तेइस पैसा) |
| १२ | लाभांस | ८,१४,९७३.२४ (आठ लाख चौध हजार नौ सय त्रिहत्तर रुपैंया चौबिस पैसा) |

| | | |
|---|---|---|
| १३ | कर्जा व्यवस्थापन शुल्क | ७५,००,०००.०० ( पचहत्तर लाख) |
| १४ | कमिसन | १,५६९.४७ (एक हजार पाँच सय उन्सत्तरी रुपैंया सट्चालीस पैसा |
| १५ | घरभाडा | १०,३८,४५०.०० (दश लाख अड्तीस हजार चार सय पचास) |
| १६ | मोबाईल बैकिङ | ३३,९८२.५० (तेत्तीस हजार नौ सय बयासी रुपैंया पचास पैसा) |
| **जम्मा आम्दानी** | | ९,९३,४८,५०६.६३ (**नौ करोड त्रियानब्बे लाख अड्चालीस हजार पाँच सय छ रुपैंया त्रिसठ्ठी पैसा**) |

| क्र.सं. | खर्च | अनुमानित २०८०/२०८१ |
|---|---|---|
| १ | बचतमा व्याज भुक्तानी | ६,३०,४६,०४०.६१(छ करोड तीस लाख छेयालिस हजार चालिस रुपैंया एकसठ्ठी पैसा) |
| २ | व्याज खर्च(कर्जा लिइएकोमा) | १,०३,६६,८२९.४० (एक करोड तीन लाख छैसठ्ठी हजार आठ सय उन्तीस रुपैंया चालिस पैसा) |
| ३ | कर्मचारी तलब | ३७,८१,३४४.०० (सैंतीस लाख एकासी हजार तीन सय चौवालीस रुपैंया) |
| ४ | कर्मचारी भत्ता | १९,६२,३१३.५० (उन्नाईस लाख बैसठ्ठी हजार तीन सय तेह्र रुपैंया पचास पैसा) |
| ५ | तालिम खर्च कर्मचारी | १,५०,०००.०० (एक लाख पचास हजार) |
| ६ | कर्मचारी संचयकोष | ३,१२,२२८.०० (तीन लाख बाह्र हजार दुई सय अठ्ठाईस) |
| ७ | औषधी उपचार | ४०,०००.०० (चालिस हजार) |
| ८ | कर्मचारी पोशाक | १,५०,०००.०० (एक लाख पचास हजार) |
| ९ | कर्मचारी स्वास्थ्य विमा | ४८,३६६.१५ (अड्चालिस हजार तीन सय छैसठ्ठी रुपैंया पन्ध्र पैसा) |
| १० | दशैं भत्ता | २,६०,१९०.०० ( दुई लाख साठी हजार एक सय नब्बे) |
| ११ | सामाजिक सुरक्षा भत्ता | २,६०,०२६.२० (दुई लाख साठी हजार छब्बिस रुपैंया बीस पैसा) |
| १२ | सुरक्षा गार्ड खर्च | ६,८३,६५०.०० (छ लाख त्रियासी हजार छ सय पचास) |
| १३ | पानी तथा विजुली महसुल | १,२०,२७९.५० (एक लाख बीस हजार दुई सय उनासी रुपैंया पचास पैसा |
| १४ | कार्यालय सामाग्री मर्मत | ५३,१८५.०० (त्रिपन्न हजार एक सय पचासी) |

| | | |
|---|---|---|
| १५ | ह्रास खर्च | ११,८३,५९१.०९ (एघार लाख त्रियासी हजार पाँच सय एकानब्बे रुपैंया नौ पैसा) |
| १६ | सफ्टवयर नविकरण सेवा विस्तार | १,२०,०००.०० (एक लाख बीस हजार) |
| १७ | शुभकामना समवेदना सहयोग | १,५४,९६२.५० (एक लाख चौन्न हजार नौ सय बैसठ्ठी रुपैंया पचास पैसा) |
| १८ | कार्यालय विस्तार तथा पूर्वाधारमा | २,००,०००.०० (दुई लाख) |
| १९ | सहयोग, (विपन्न तथा अन्य ) | ३५,०००.०० (पैंतीस हजार) |
| २० | विमा कार्यालय | ५,४८,९५१.७० (पाँच लाख अड्चालीस हजार नौ सय एकाउन्न रुपैंया सत्तरी पैसा) |
| २१ | चिठी पत्र, टेलिफोन, संचार | २,५१,९२२.०० (दुई लाख एकाउन्न हजार नौ सय बाईस) |
| २२ | मसलन्द तथा छपाई | ६९,२२४.६९ (उन्सत्तरी हजार दुई सय चौबिस रुपैंया उन्सत्तरी पैसा |
| २३ | पत्रपत्रिका | १३,४२०.०० (तेह्र हजार चार सय बीस) |
| २४ | संचालक यातायात खर्च | ५०,०००.०० (पचास हजार) |
| २५ | संचालक विभिन्न उपसमिति बैठक भत्ता | ३,५०,०००.०० (तीन लाख पचास हजार) |
| २६ | साधारण सभा खर्च | ६,५०,०००.०० (छ लाख पचास हजार) |
| २७ | यातायात तथा भ्रमण खर्च | ३,००,०००.०० (तीन लाख) |
| २८ | कार्यालय तर्फ दैनिक चिया तथा स्वागत खर्च | ३,३६,२३४.८० (तीन लाख छत्तीस हजार दुई सय चौंतिस रुपैंया असी पैसा) |
| २९ | सरसफाइ | १३,४६९.५० (तेह्र हजार चार सय उन्सत्तरी) |
| ३० | क. उपसमिति अर्न्तगत कार्यक्रम (भ्रमण | ३,०६,६५६.९० (तीन लाख छ हजार छ सय पैसठ्ठी) |
| ३१ | उपहार तथा पुरस्कार (बाल उत्सव) | ५३,५०४.०० (त्रिपन्न हजार पाँच सय चार रुपैंया) |
| ३२ | लेखा परिक्षण शुल्क | १,५०,०००.०० (एक लाख पचास हजार) |
| ३३ | कार्यालय व्यवस्थापन खर्च | ३,९६,४९७.०७ (तीन लाख छेयानब्बे हजार चार सय सन्तानब्बे रुपैंया सात पैसा) |

| | | |
|---|---|---|
| ३४ | शेवा शुल्क | १,६६,१००.०० (एक लाख  छैसट्ठी हजार एक सय) |
| ३५ | शिक्षा तथा तालिम खर्च | ३,००,०००.०० (तीन लाख) |
| ३६ | एस.एम.एस खर्च | १५,०००.०० (पन्ध्र हजार) |
| ३६ | कर्जा जोखिम कोष | १५,००,०००.०० (पन्ध्र लाख) |
| ३७ | विविध भैपरी | ६१,८६४.२८ (एकसट्ठी हजार आठ सय चौसट्ठी रुपैंया अट्ठाईस पैसा) |
| **जम्मा खर्च** | | ८,८९,४३,९१०.८८ **(आठ करोड उनान्नब्बे लाख त्रिचालिस हजार नौ सय दश रुपैंया अठासी पैसा)** |
| **नाफा नोक्सान** | | १,०४,०४,५९५.७५ **(एक करोड चार लाख चार हजार पाँच सय पन्चानब्बे रुपैंया पचहत्तर पैसा)** |
| **जम्मा** | | ९,९३,४८,५०६.६३ **(नौ करोड त्रियानब्बे लाख अड्चालिस हजार पाँच सय छ रुपैंया त्रिसट्ठी पैसा)** |

Sanjay Karki & Associates
Chartered Accountants
Firm No. 1001

PAN No.: 617362616
Memb. No.:1681
COP : 1122

# स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

**श्री सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका**

**शेयर सदस्य महानुभावहरु समक्ष,**

**वित्तीय विवरणहरुको लेखापरीक्षण प्रतिवेदन**

## कैफियत सहितको राय

हामीले सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको (यसपछि "संस्था" भनिएको) यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति विवरण पत्र वासलात, सोहि मितिमा समाप्त भएको वर्षको नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण, स्वामित्व अंश (इक्विटी) मा भएको परिवर्तन सम्बन्धि विवरण तथा प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु सम्मिलित वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा हाम्रो प्रतिवेदनको "कैफियतसहित रायको आधार" खण्डमा व्याख्या गरिएका कुराहरुले पार्ने असरहरु बाहेक संलग्न वित्तीय विवरणले नेपाल लेखमान तथा प्रचलित लेखापरीक्षण सिद्धान्त र सम्बन्धित ऐन अनुसार २०८० आषाढ मसान्तको वित्तीय स्थिती, सो मितिमा समाप्त वर्षको नाफा/नोक्सान विवरण, नगद प्रवाह विवरण, स्वामित्व अंश (इक्विटी) मा भएको परिवर्तन सम्बन्धि विवरण तथा संलग्न अनुसूचीहरुको सारभूत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ ।

## कैफियात सहित रायको आधार

१.सहकारी मापदण्डको दफा २८ बमोजिम संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्था को कुल पुंजी कोषको १० प्रतिशतमा नबढाइ ऋण प्रदान गर्नुपर्नेमा, सो व्यवस्था बमोजिम ऋण प्रदान गरेको पाइएन । कुल कर्जाको ४९.८७ प्रतिशत हुन आउने रु. २६,७४,४५,९९१.१४ ऋण २३ जना सदस्यलाई, कुल पुंजी कोष रकम रु. ७,८४,५९,६२९.१७ को १०% ले हुन आउने रकम रु. ७८,४५,९६२.९१ भन्दा बढी हुनेगरी ऋण प्रदान गरिएको पाइयो ।

२.सहकारी ऐन, २०७४ को दफा ५० उपदफा ५ मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुंजीकृत गरि सो को आधारमा ब्याज लगाउन नपाउने उल्लेख गरेको भएता पनी केहि ऋणहरुमा सो बमोजिम गरेको पाइएन ।

Prithivi Chowk-09,Pokhara
061-571095, 9856085252
sanjaykarki1247@gmail.com

३.लेखा परिक्षणको दौरानमा कुल ऋण रु. ५३,६२,९९,७२१.१४ मध्ये रु ३१,७८,२५,००० (कुल ऋणको ५९.२६ प्रतिशत) बराबरको ऋण फाइल परिक्षण गर्दा, परिक्षण गरेको ऋण मध्ये रु.७१,००,००० (कुल ऋणको १.३२ प्रतिशत) बराबरको ऋण स्वीकृत हुनु अगावै प्रवाह गरिएको । परिक्षण गरेको ऋण मध्ये रु.२८,७०,००० (कुल ऋणको ०.५४ प्रतिशत) बराबरको ऋण जमानी बिना प्रवाह गरिएको । रु.१,५९,४४,००० (कुल ऋणको २.९७ प्रतिशत) बराबरको ऋणमा मंजुरिनामा नरहेको र रु.१,५९,४४,००० (कुल ऋणको २.९७ प्रतिशत) बराबरको ऋणमा तमसुक अपूर्ण रुपमा भरेको पाइयो ।

४.लेखा परिक्षणको दौरानमा कुल ऋण मध्य रु.४८,१४,९९,९८८.६८ (कुल ऋणको ८९.७८ प्रतिशत) किस्ता मा असुली नभईकन ब्याज मात्र असुली गर्ने ऋण प्रदान गरेको पाइयो ।

५.संस्था ले कर्जा नोक्सानी व्यवस्था गरेको रकम लाई हामीले सोहि रकम मात्र नोक्सानी व्यवस्था भनी एकिन गर्न सकिएन । ऋणहरु नविरकरण पनि भएको ले श्रेस्ता (सफटवेयर) ले सो ऋण हरु लाई नया कर्जा मान्ने र सो ऋण र अन्य ऋण मा भाखा नाघेको रकम लाई नै हामीले आधार मानि ऋणमा सम्भावित व्यवस्था हुनु पर्ने देखियो । सोहि बमोजिम असल ऋण रु.४५,७५,८०,४३५.८२ (को व्यवस्था १ प्रतिशत ले रु.४५,७५,८०४.३५) र कमसल ऋण रु.७,४३,८४,७३६.०४ (को व्यवस्था ३५ प्रतिशत ले २,६०,३४,६५७.६१) र खराब ऋण रु.४३,३४,५५०.२८ (को व्यवस्था १०० प्रतिशत रु.४३,३४,५५०.२८) गरी कुल व्यवस्था ३,४९,४५,०१२.२४ हुनु पर्ने थियो । आ.व.२०७८/७९ को व्यवस्था रु. ७१,३१,२१८.४४ रहेको सोहि बोमोजिम आ.व.२०७९/८० को थप कर्जा नोक्सानी व्यवस्था रु.२,७८,१३,७९३.८० हुन पर्ने देखिन्छ । यस व्यवस्था रकममा ब्याज वा साँवा पुजिकरण र नविकरण भएको कारण ले वास्तविक भाखा नाघेको व्यकौता रकम निर्धारण गर्न सकिएन त्येसैले यो रकम पनि ऐन बमोजिम पर्याप्त छैन ।

६.कर्जा नीति मा १० लाख सम्मको धितो आन्तरिक रुप मा मुल्यांकन गर्ने भनिएता पनि सो भन्दा माथि को धितो मा कतिपय ३ वर्ष पुरानो ऋण फाइलमा धितो मुल्यांकन नरहेको पाइयो ।

७.बिना धितो कर्जा कति सम्म दिन पाइने , धितो मुल्यांकनको कति % कर्जा दिन पाइने भन्ने कुरा कर्जा कार्यविधि मा नखुलाको पाइयो ।

८.सहकारी मापदण्डको दफा ३२ उपदफा २ मा संस्थाले कुल निक्षेप रकमको कम्तिमा कुल १५ प्रतिशत रकम तरलता राख्नुपर्ने भनिएको भएतापनि संस्थामा सोहि बमोजिमको तरलता नराखेको पाइयो । यस आ.व. २०७९/८० को अन्त्यमा संस्थाको तरलता ८.५३ प्रतिशत रहेको पाइयो ।

हामीले लेखापरिक्षण नेपाल लेखापरिक्षणमान अनुसार सम्पन्न गरेका छौं । ती मानहरु अन्तर्गत हाम्रो जिम्मेवारी हाम्रो प्रतिवेदनको वित्तीय विवरणको लेखापरिक्षणको लागि लेखापरिक्षकको जिम्मेवारी खण्डमा थप वर्णन गरिएको छ । हामी नेपालमा वित्तीय विवारणहरुको लेखापरीक्षणका लागि सान्दर्भिक नेपाल चार्टर्ड एकाउन्टेड संस्थाले जारी गरेको ऋयमभ या Ethics for Professional Accountants, 2018 अनुसार संस्थाबाट स्वतन्त्र छौं र यी आवश्यकताहरु अनुरुप अन्य नैतिक जिम्मेवारी हरु पुरा गरेका छौं । हामीलाई विश्वाश छ की हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाण हाम्रो कैफियत सहितको रायलाई आधार प्रदान गर्न पर्याप्त र उचित छ ।

Sanjay Karki & Associates
Chartered Accountant
Firm No. 1001

**वित्तीय विवारणहरुप्रति व्यवस्थापक र शासकीय व्यवस्था वहन गर्ने अख्तियरिको जिम्मेवारी**

नेपाल लेखमान अनुसार वित्तीय विवारन्हारुको तयारी र उचित प्रस्तुति र जालसाजी व त्रुटिबाट हुने सारभूत गलत प्रस्तुति रहितको वित्तीय विवरणहरुको तयारीलाई व्यवस्थापकले निर्धारण गरेको आन्तरिक नियन्त्रणका लागि व्यवस्थापन जिम्मेवार छ ।

वित्तीय विवारणहरू तयार गर्दा, संस्थाको अविछिन्न रुपमा जारी रहन सक्ने क्षमता मुल्यांकन गर्ने, लागु हुने अवस्थामा अविछिन्नता सम्बन्धि कुराहरुको खुलासा गर्ने र व्यवस्थापनको मनसाय संस्था वा कारोबार बन्द गर्ने वा त्यस्तो गर्ने बाहेक अन्य कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्नता आधारको लेखाको प्रयोग गर्नु व्यवस्थापन जिम्मेवार छ । संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियालाई निरीक्षण गर्नु शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको जिम्मेवारी हो ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरिक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरु वित्तीय विवरणहरु समग्रमा चाहे जालसाझी वा त्रुटीबाट हुनसक्ने सारभूत गलत प्रस्तुतिबाट मुक्त छन् की छैनन् भन्ने विषयमा उपयुक्त आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय सहितको लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उपयुक्त आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो । तर यसले नेपाल लेखापरिक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूत गलत प्रस्तुति भएको बेला सधैं पत्ता लगाउछ भन्ने ग्यारेन्टी दिदैन । सारभूत गलत प्रस्तुति जालसाझी वा त्रुटीबाट उत्पन्न हुनसक्छ र एकल वा एकमुष्टमा, प्रयोगकर्ताहरुले वित्तीय विवरणको आधारमा लिएको आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सारभूत मानिन्छ ।

**अन्य कानुनी र नियमनकारी व्यवस्था सम्बन्धि प्रतिवेदन**

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टीकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं ।

१.हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सबै सूचना तथा स्पष्टीकरणहरु उपलब्ध भएका छन ।

२.हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा र नोक्सान तथा आय व्यय विवरण, नगद प्रवाह विवरण, स्वामित्व अंश (इक्विटि) मा भएको परिवर्तनको विवरण तथा संलग्न अनुसुचिहरु संस्थाले राखेको हिसाब, किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन ।

३.संस्थाले कर्जा लगानी गर्दा सामुहिक जमानीमा र धितो राखी लगानी गरेको तर लगानी गर्दा सदस्यहरुको आय व्ययको यथार्थ विवरण संकलन गरि सदस्यको कर्जा फिर्ता गर्न सक्ने सम्भावनालाई विशेष ध्यान दिनु पर्ने देखिन्छ । केहि कर्जा सामुहिक जमानीमा तथा केहि कर्जा बिना धितो लगानी गरेको सकेसम्म धितो राखी मात्र लगानी गर्नु पर्ने देखिन्छ । संस्थाको कर्जा नीतिका अनुसार कम्तिमा दुइ वर्ष अनिवार्य बचत गर्दै आएको सदस्यको आवश्यकतालाई ध्यानमा राखी कम्तिमा पनि एक जना सदस्यको अनिवार्य धनजमानी लिइ मात्र धितो कर्जा प्रवाह गर्न सकिनेछ । संस्थाले न्युनतम कर्जा रकम भन्दा माथिको लगानीमा अनिवार्य धनजमानी

Sanjay Karki & Associates Chartered Accountants Firm No. 1001

लिइ कर्जा प्रवाह गर्न यथाशिघ्र कर्जा नितिमा व्यवस्था तर्जुमा गरि साधारण सभाबाट पारित गराइ लागु गर्नुपर्ने देखिन्छ ।

४.संस्थाले गत आ.व. २०७९/८० सम्मको संरक्षित पुंजी फिर्ता कोष बापतको रकम रु. १५,८५,४१६.०० सहकारी ऐन २०७४ को दफा ६९(३) तथा सहकारी नियमावली २०७५ को नियम २५ बमोजिम सम्बन्धित सदस्यहरुमा वितरण गरेको तर भाका नाघेको कर्जा मा पनि पुजी फिर्ता कोष वितरण गरेको पाईयो । जो नियम बिपरित छ ।

५. संस्थाको कर्जा नीतिमा प्रति व्यक्ति ७५ लाख को कजा सिमा भए पनि सो भन्दा माथि केहि ऋण दिएको पाइयो ।सो लाई कर्जा नीति अनूसार गर्नुपर्ने देखिन्छ।

६.सहकारी मापदण्ड को दफा २९ बमोजिम संस्थाका संचालक तथा लेखा समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुलाई एकै अवधिमाऋण लगानी गर्न नपाइने भनिएको भएतापनी संस्थाको विनियमको दफा ५८(६) मा संस्थाको संचालक तथा लेखा समिति पदाधिकारीलाई एकैअवधिमा कुल ऋणको ४९% भन्दा बढी ऋण प्रवाह गर्न नपाउने उल्लेख गरिएको पाइयो, जसलाई संस्थाको विनियममा सहकारी मापदण्ड अनुरुप संशोधन गर्नुपर्ने देखिन्छ ।

७.बचत, ऋण फिर्ता तथा नयाँ शेयर बापत नगद कारोबार गर्दा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को अधिनमा रही गर्नुपर्ने देखिन्छ ।सो अनुसार GoAML को ID Password लिईएको तर संचालन मा आउन बाँकी रहेको पाइयो, सो सो सिघ्र रुपमा संचालन गर्नु हुन र नियम को पालना गर्नु हुन निर्देशन दिएको छौ ।

**लेखापरिक्षक** | **स्थान: पोखरा**

**सि.ए. सन्जय कार्की** | **मिति: २०८०/०८/०१**

Sanjay Karki & Associates Chartered Accountant Firm No. 1001

**सन्जय कार्की एण्ड एसोसिएट्स**

**चार्टर्ड एकाउन्टेन्ट्स**

**UDIN:** 231121CA01681eZTXM

# श्री सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा-१९, कास्की

वित्तीय स्थिति विवरण (वासलात)

मिति २०८० साल आषाढ ३१ गतेको

| क्र.सं. | विवरण | अनुसूची | आ.व. २०७९/०८० | आ.व. २०७८/०७९ |
|---|---|---|---|---|
| पुंजी तथा दायित्व | | | | |
| १ | शेयर पुंजी हिसाव | १ | ७१,५३२,४००.०० | ५४,७५४,१००.०० |
| २ | कोष हिसाव | २ | १३,२४०,०९५.८७ | १६,७५८,१३१.२८ |
| ३ | खुद घाटा | | (३८,८४१,५६४.७९) | |
| ४ | बचत तथा निक्षेप | ३ | ४५७,४७२,३६८.१८ | ५०७,७४७,८९७.३४ |
| ५ | वाह्रय ऋण | ४ | ७८,७३२,९९०.०१ | ७९,०३३,७८४.३९ |
| ६ | चालु दायित्व तथा व्यवस्थाहरु | ५ | ४०,१८३,३३२.७८ | १५,७९४,७७७.७३ |
| | जम्मा | | ६२२,३१९,६२२.०५ | ६७४,०८८,६९०.७३ |
| सम्पत्ती तथा जायजेथा | | | | |
| १ | नगद मौज्दात | ६ | १,१४९,४७७.०० | ५०२,७५४.०० |
| २ | बैक मौज्दात | ७ | ३७,८५०,४८७.७० | ६७,४७१,४२४.७८ |
| ३ | लगानी हिसाव | ८ | ५,७०६,०००.०० | ५,७०६,०००.०० |
| ४ | कर्जा तथा सापटी हिसाब | ९ | ५३६,२९९,७२१.१४ | ५५९,४८८,७१०.३३ |
| ५ | पेश्की, सापटी तथा पाउनुपर्ने हिसाब | १० | २,२०६,९९२.३९ | १,३९७,०४०.१८ |
| ६ | स्थिर सम्पत्ति | ११ | ३९,१०६,९४३.८२ | ३९,५२२,७६२.२५ |
| | जम्मा | | ६२२,३१९,६२२.०५ | ६७४,०८८,६९०.७३ |

प्रमुख लेखा निती तथा टिप्पणीहरु

१ देखि २१ सम्मका अनुसूचिहरु वित्तीय स्थिति विवरणका अभिन्न अंग हुन् ।

सुरेन्द्र थापा (व्यवस्थापक)

राममणि पौडेल (कोषाध्यक्ष)

कृष्ण बहादुर थापा (अध्यक्ष)

कुल प्रसाद सुवेदी (सचिव)

लेखापरिक्षक
सि.ए. सन्जय कार्की
सन्जय कार्की एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति :२०८०/०८/०१
पोखरा

Sanjay Karki & Associates
Chartered Accountant
Firm No. 1601

बसन्त बहादुर बोतिया
उपाध्यक्ष

माया कुमारी शर्मा
सहसचिव

रमेश कुमार थापा
संचालक

शम्सेर बहादुर थापा
संचालक

आरती श्रेष्ठ
संचालक

तारादेवी थापा
संचालक

विकल पौडेल
संचालक

## श्री सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा ०९, [illegible]

आय तथा व्यय विवरण

२०७९ साल श्रावण १ गतेदेखि २०८० [illegible] आषाढ [illegible] गतेसम्मको

| विवरण | अनुसूची | आ.व. २०७९/०८० | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| ब्याज आम्दानी | १२ | ६२,२६९,८४६.९५ | ७१,७८७,२८१.७९ |
| न्युन: ब्याज खर्च | १३ | ६९,४६८,२३८.५६ | ५४,५८९,३२१.९६ |
| **वित्तीय कारोबारबाट खुद बचत** | | (७,१९८,३९१.६१) | १७,१९७,९५९.८३ |
| रेडियो तर्फबाट आय | १४ | १,८७३,१८१.५० | १,८३३,४००.०० |
| व्यापारिक छुट दिएको | | - | - |
| **सेवा सम्बन्धित कारोबारबाट आम्दानी** | | १,८७३,१८१.५० | १,८३३,४००.०० |
| बिक्रि गरिएको सेवा लागत | १५ | १,८६०,०६०.०० | १,८३३,४००.०० |
| **सेवा सम्बन्धित कारोबारबाट खर्च** | | १,८६०,०६०.०० | १,८३३,४००.०० |
| **सेवा सम्बन्धित कारोबारबाट खुद आम्दानी/(खर्च)** | | १३,१२१.५० | - |
| **सम्पूर्ण उद्देश्यबाट प्राप्त कुल बचत/(खर्च )** | | (७,१८५,२७०.११) | १७,१९७,९५९.८३ |
| अन्य सञ्चालन आम्दानी | १७ | ५,७५६,६५१.८६ | २,८४४,९३७.८१ |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | १८ | २,०२०,५९२.९४ | ३,१७९,१६०.०९ |
| **कुल सञ्चालन आम्दानी** | | ५९१,९७४.६९ | २३,२२२,०५७.७३ |
| न्युन: प्रशासनिक तथा अन्य खर्च | | | |
| कर्मचारी खर्च | १८ | ६,३२०,५४७.०० | ६,५६४,२२४.०० |
| प्रशासनिक खर्च | १९ | ४,१२४,५४२.२४ | ४,०४०,२४८.३० |
| ह्रास खर्च | २० | १,१७४,६५६.४३ | १,१२५,४०६.८८ |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन वचत | | (११,०२७,७७०.९८) | ११,४९२,१७८.५५ |
| सम्भावित नोक्सानी व्यवस्था | | २७,८१३,७९३.८१ | २,७२७,६५०.०२ |
| **सञ्चालन मुनाफा वा (नोक्सान)** | | (३८,८४१,५६४.७९) | ८,७६४,५२८.५३ |
| गैर सन्चालन आम्दानी | | - | - |
| सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | (३८,८४१,५६४.७९) | ८,७६४,५२८.५३ |
| कर्मचारी बोनस (बोनस ऐन २०३० को दफा ५) | | - | ८७६,४५२.८५ |
| **कर अघिको नाफा (नोक्सान)** | | (३८,८४१,५६४.७९) | ७,८८८,०७५.६८ |
| यस वर्षको कर व्यवस्था | | - | ८५२,२४७.१७ |
| विगत वर्षसम्मको कर व्यवस्था | | | |
| यस वर्षको स्थगन कर (आम्दानी) खर्च | | | |
| खुद वचत/*नाफा* | | (३८,८४१,५६४.७९) | ७,०३५,८२८.५१ |

आम्दानी खर्चको सारांश

| विवरण | | आ.व. २०७९/०८० | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| जम्मा आम्दानी | | ७१,९२०,२७३.२५ | ७९,६४४,७७९.६९ |
| जम्मा खर्च | | ११०,७६१,८३८.०४ | ७१,७५६,७०४.०१ |

प्रमुख लेखा निती तथा टिप्पणीहरु

१ देखि २१ सम्मका अनुसूचिहरु वित्तीय स्थिति विवरणका अभिन्न अंग हुन् ।

सुरेन्द्र थापा (व्यवस्थापक) | राममणि पौडेल (कोषाध्यक्ष) | कृष्ण बहादुर थापा (अध्यक्ष) | कुल प्रसाद सुवेदी (सचिव)

लेखापरिक्षक
सि.ए. सन्जय कार्की
सन्जय कार्की एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति :२०८०/०८/०१
पोखरा

Sanjay Karki & Associates
Chartered Accountant
Firm No. 1001

बसन्त बहादुर बानिया, उपाध्यक्ष | माया कुमारी शर्मा, सहसचिव | रमेश कुमार थापा, संचालक

शम्सेर बहादुर थापा, संचालक | आरती श्रेष्ठ, संचालक | तारादेवी थापा, संचालक | विकल पौडेल, संचालक

# श्री सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा-१९, कास्की

इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण

२०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ ३१ गतेसम्मको

| विवरण | सुरु मौज्दात | शेयर जारी | यस वर्षको बाँडफाँड | यस वर्षको समायोजन | यस वर्षको खुद मुनाफा बाट | कुल रकम |
|---|---|---|---|---|---|---|
| शेयर पुँजी हिसाव | ५४,७५४,१००.०० | १७,४८५,३००.०० | | (७०७,०००.००) | | ७१,५३२,४००.०० |
| **कोष** | | | | | | |
| जगेडा कोष | ६,९२६,२२९.१७ | - | - | ४,३९०.३३ | | ६,९३०,६१९.५० |
| शेयर लाभांश कोष | १,८२०,५२०.६३ | | (१,८१६,१३०.३०) | (४,३९०.३३) | - | - |
| संरक्षित पुँजी कोष | १,५८५,४१६.०६ | | (१,५८५,४१६.००) | - | - | ०.०६ |
| सहकारी प्रवर्द्धन कोष | ६६,३५०.२६ | | | (६६,३४९.१२) | - | १.१४ |
| सहकारी शिक्षा कोष | १,२३५,२१६.८६ | | | (५०,१४०.००) | - | १,१८५,०७६.८६ |
| सहकारी विकास कोष | १,२४२,२०९.४९ | | - | - | - | १,२४२,२०९.४९ |
| घाटापूर्ति कोष | १,८९१,७१५.३७ | | - | - | - | १,८९१,७१५.३७ |
| स्थिरिकरण कोष | ६६३,४९१.१५ | | - | - | - | ६६३,४९१.१५ |
| सामुदायिक बिकास कोष | ६६३,४९१.१५ | | - | - | - | ६६३,४९१.१५ |
| जोखिम व्यवस्थापन कोष | ६६३,४९१.१५ | | - | - | - | ६६३,४९१.१५ |
| कुल रकम | ७१,५१२,२३१.२९ | १७,४८५,३००.०० | (३,४०१,५४६.३०) | (८२३,४८९.१२) | - | ८४,७७२,४९५.८७ |

सुरेन्द्र थापा (व्यवस्थापक)

राममणि पौडेल (कोषाध्यक्ष)

कृष्ण बहादुर थापा (अध्यक्ष)

कुल प्रसाद सुवेदी (सचिव)

लेखापरिक्षक
सि.ए. सन्जय कार्की
सन्जय कार्की एण्ड एसोसिएट्स
मिति :२०८०/०८/०१
पोखरा

बसन्त बहादुर बानिया
उपाध्यक्ष

माया कुमारी शर्मा
सहसचिव

रमेश कुमार थापा
संचालक

शम्सेर बहादुर थापा
संचालक

आरती श्रेष्ठ
संचालक

तारादेवी थापा
संचालक

विकल पौडेल
संचालक

# श्री सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा, कास्की

नगद प्रवाह विवरण

२०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ ३१ गतेसम्मको

| क.सं. | विवरण | आ.व. २०७९/०८० | आ.व. २०७८/०७९ |
|---|---|---|---|
| | सञ्चालन गतिविधिबाट नगद प्रवाह | (४१,१७४,८४५.४९) | (१२४,८३१,४१६.३४) |
| | कर पछिको नाफा/(नोक्सान) | (३८,८४१,५६४.७९) | ७,०३५,८२८.५१ |
| | कर व्यवस्था रकम | – | ८५२,२४७.१७ |
| | ह्रास खर्च | १,१७४,६५६.४३ | १,१२५,४०६.८८ |
| | कार्यशील पुंजीमा परिवर्तन अघिको नगद प्रवाह | (३७,६६६,९०८.३६) | ९,०१३,४८२.५६ |
| | चालु सम्पत्तिमा कमी/(बृद्धि) | (८०९,९५२.२१) | ५७५,८७०.९६ |
| | कर्जा तथा सापटीमा कमि/(बृद्धि) | २३,१८८,९८९.१९ | -१२०,५८७,६०७.४२ |
| | पाउनुपर्ने हिसाबमा कमी/(बृद्धि) | – | |
| | करको भुक्तानी लगानीमा कमी/(बृद्धि) | – | (७९५,४३२.९६) |
| | कर्मचारी बोनस तथा सम्भावित नोक्सानी व्यवस्था | – | ३,६०४,१०२.८७ |
| | **चालु दायित्वमा बृद्धि/(कमी)** | | |
| | बचत निक्षेप हिसाब बृद्धि/(कमी) | (५०,२७५,५२९.१६) | -१८,१२०,७४१.५० |
| | दिर्घकालिन दायित्व बृद्धि/(कमी) | | |
| | चालु दायित्व बृद्धि/(कमी) | २४,३८८,५५५.०५ | १,४७८,९०९.१५ |
| क | **कुल सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **(४१,१७४,८४५.४९)** | **-१२४,८३१,४१६.३४** |
| | लगानी गतिविधिबाट नगद प्रवाह | | |
| | अन्य सङ्घसंस्थाको सेयर (खरिद)/बिक्री | | – |
| | स्थिर सम्पत्ति खरिद | (७५८,८३८.००) | – |
| ख | **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(७५८,८३८.००)** | – |
| | वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| | सेयर पुंजीमा बृद्धि/(कमी) | १६,७७८,३००.०० | ४,१०१,०००.०० |
| | ऋणमा बृद्धि/(कमी) | (३००,७९४.३८) | ७९,०३३,७८४.३९ |
| | कोषहरुमा बृद्धि /(कमी) (आयमा समावेश नभएको) | (३,५१८,०३५.४१) | – |
| | सेयर लाभांश वितरण | – | (४,३०५,५१४.००) |
| ग | **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **१२,९५९,४७०.२१** | **७८,८२९,२७०.३९** |
| | जम्मा नगद प्रवाह (क,ख र ग) | (२८,९७४,२१३.२८) | (४६,००२,१४५.९५) |
| | वर्षारम्भको बैंक तथा नगद मौज्दात | ६७,९७४,१७८.७८ | ११३,९७६,३२४.३७ |
| | **वर्षान्तको बैंक तथा नगद मौज्दात** | **३८,९९९,९६४.७०** | **६७,९७४,१७८.७८** |

प्रमुख लेखा निती तथा टिप्पणीहरु

१ देखि २१ सम्मका अनुसूचिहरु वित्तीय स्थिति विवरणका अभिन्न अंग हुन् ।

Sanjay Karki & Associates Chartered Accountant Firm No. 1031

| | | | | |
|---|---|---|---|---|
| सुरेन्द्र थापा (व्यवस्थापक) | राममणि पौडेल (कोषाध्यक्ष) | कृष्ण बहादुर थापा (अध्यक्ष) | कुल प्रसाद सुवेदी (सचिव) | लेखापरिक्षक<br>सि.ए. सन्जय कार्की<br>सन्जय कार्की एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स<br>मिति :२०८०/०८/०१<br>पोखरा |

बसन्त बहादुर बानिया — उपाध्यक्ष
माया कुमारी शर्मा — सहसचिव
रमेश कुमार थापा — संचालक

शम्सेर बहादुर थापा — संचालक
आरती श्रेष्ठ — संचालक
तारादेवी थापा — संचालक
विकल पौडेल — संचालक

# श्री सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्था लि.

पोखरा, कास्की

...सलातको अनुसूची

२०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ ३१ गतेसम्मको

कोष बाँडफाँड

आ.व. २०७९/०८०

| कोषमा जाने शुद्ध वचत | | दर | | विनियम अनुसारका कोषमा जाने | ७०% | - |
|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष | २५% | - | सेयर लाभांस कोष | ३४.५% | - |
| | (जगेडा पछि अन्य कोषमा जाने) | | - | सहकारी शिक्षा कोष | ५% | - |
| १ | संरक्षित पूँजीफिर्ताकोष | ३०% | - | स्थिरिकरण कोष | ५% | - |
| २ | सहकारी प्रर्वद्धन कोष | ०.५% | - | सहकारी विकास कोष | ५% | - |
| ३ | अन्य कोषमा जाने रकम | ७५.०% | - | घाटा पूर्तिकोष | १०% | - |
| | | | | सामुदायिक विकास कोष | ५% | - |
| | | | | जोखिम व्यवस्थापन कोष | ५% | - |
| | | | | | | - |

कोष हिसाव

आ.व. २०७९/०८०

| क.सं | विवरण | | गत वर्षको मौज्दात | यस वर्षको नाफा बाट | घटेको | बढेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष | | ६,९२६,२२९.१७ | - | | ४,३९०.३३ | ६,९३०,६१९.५० |
